. . . . . . . . . . . . . . . . . . . . **सहकारी संस्था लि.**

**बेथानचोक, काभ्रेपलाञ्चोक**

# सहकारी आचारसंहिता, २०........

## नमूना


प्रकाशक

बेथानचोक गाउँपालिका

बागमती प्रदेश, काभ्रेपलाञ्चोक

नेपाल

# .............................. सहकारी संस्था लि.

# ..............................को

# आचारसंहिता, २०......

## प्रस्तावना

सहकारी संस्थाहरुको सु–संचालन तथा ब्यबस्थापन अन्तराष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी आन्दोलनलाई सशक्त बनाउँदै सहकारी संस्कृतिको निर्माण तथा उद्देश्य प्राप्तिका लागि बल पु–याउने संस्थाको पदीय दायित्वमा रहने समिति/ उपसमितिका सदस्यहरु, सदस्यहर र कर्मचारीहरुको क्रियाकलापलाई जिम्मेबारी पूर्ण इमान्दार, अनुशासित, पारदर्शी सुशासनयुक्त एवं मर्यादित बनाउन आचारसंहिता तयार गरी लागू गर्न आवश्यकता महसूस भएकोले प्रस्तावित संस्था............... सहकारी संस्था लि...............................को मिति ................. गते बसेको दोश्रो प्रारम्भिक भेलामा तर्जुमा भएको आचार संहिता, २०७५ पेश हुन आएको र वृहत छलफल गरी पारित गरिएको छ ।

## परिच्छेद– १

## नाम र प्रारम्भ

### १. नाम

यो आचारसंहिताको नाम “............................. बचत तथा ऋण सहकारी संस्था लि. ........................................को आचारसंहिता, २०७७” रहने छ ।

### २. प्रारम्भ

यो आचारसंहिता संस्था दर्ता भएको मितिबाट लागू हुनेछ ।

### ३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा

३.१ “ **संहिता** ”भन्नाले सहकारी आचारसंहिता, २०७५” लाई सम्झनु पर्छ ।

३.२ “**ऐन**” भन्नाले सघीय सहकारी सहकारी ऐन,२०७४ तथा स्थानीय सरकारको सहकारी ऐनलाई सम्झनु पर्छ।

३.३ “**नियम**” भन्नाले सहकारी नियमावली, २०७५ तथा स्थानीय सरकारको सहकारी नियमावली ............ लाई सम्झनु पर्छ ।

३.४ “**विनियम**” भन्नाले सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाको विनियमलाई सम्झनुपर्छ ।

३.५ “**संघ/संस्था**” भन्नाले राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतलाई जनाउने छ ।

३.६ **“पदाधिकारी (पदीय दायित्व वहन गर्ने)”** भन्नाले संस्थाको संचालक समिति / लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उपसमितिका सदस्यहरुलाई सम्झनु पर्नेछ।

३.७ **“सदस्य”** भन्नाले संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्ति, संस्था वा अन्य निकाय समेतलाई जनाउने छ ।

३.८ **“कर्मचारी** ”भन्नाले संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सम्झनु पर्छ ।

## ४. उद्देश्य

४.१ सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरुलाई ब्यबहारमा उतार्न र सहकारी संस्थालाई सशक्त रुपमा सुसंचालन गर्दै सहकारी आन्दोलनलाई प्रभावकारी र आदर्श बनाउने।

४.२ सहकारी संस्थामा आवद्ध सदस्यहरुको ब्यक्तिगत एवं सामाजिक क्रियाकलापलाई मर्यादित एवं आदर्शयुक्त बनाउने ।

४.३ संस्थाका क्रियाकलापलाई नियमित, व्यवस्थित, अनुशासित एवं पारदर्शी बनाउँदै सुशासन र सहकारी संस्कृतिको निर्माण गर्ने ।

४.४ सदस्य तथा पदाधिकारीहरुको काम कारवाही उत्तरदायी एवं जवाफदेही पूर्ण बनाउने। संस्थाको व्यवसायिक कारोवार तथा व्यवस्थापनमा सुधार ल्याउने ।

# परिच्छेद –२

# पदीय दायित्व बहन गर्ने सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता

## ५. सहकारी संस्थामा पदीय दायित्व वहन गर्ने सदस्यहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

५.१ सहकारी मूल्य, मान्यता, सिद्धान्तहरु तथा सहकारी ऐन, नियम, विनियम, नियमावली, निर्णय र सम्झौताको अनिवार्य पालना गर्नुपर्नेछ ।

५.२ दलगत राजनीति, धर्म जात, जाति लिङ्ग, वर्ण, भाषा आदिका आधारमा भेदभाव रहित ब्यबहार गर्नु पर्नेछ ।

५.३ संस्थाको व्यवसायिक कारोबारको सिलसिलामा कुनै किसिमको उपहार, दान, दातव्य, घुस, चन्दा आदि लिन/दिन पाउने छैन ।

५.४ संस्था तथा अन्य सरोकारवाला (Stakeholders) व्यक्तिहरुको स्वाभिमान तथा आदर्शको सम्मान गर्दै निष्पक्ष एवं समानताको आधारमा नम्र ब्यबहार गर्नुपर्नेछ ।

५.५ नियम विपरीत काम गराउनका लागि भनसुन गर्न, दवाव दिन र दवाव स्वीकार गरिने छैन ।

५.६ आफनो दायित्व ईमान्दारी पूर्वक समयमानै सम्पन्न गर्नु र सम्बन्धित पक्ष/ब्यक्ति/ समूहलाई सहयोग गर्नुपर्नेछ।

५.७ आफ्नो पदीय दायित्वको दुरुपयोग गरी व्यक्तिगत लाभ लिन वा दलगत राजनैतिक स्वार्थ पूर्ति गर्न पाईने छैन।

५.८ संस्थाको उद्देश्य अनुरुप कार्य योजनाहरुको तर्जुमा गरी कार्य संचालन गर्नु गराउनु पर्नेछ ।

५.९ जानी जानी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको आदर्श तथा हित विपरीत हुने कुनै पनि क्रियाकलापमा संलग्न हुन पाईने छैन ।

५.१० संस्थाबाटै उत्पादित वस्तु र सेवाहरुको प्रयोगमा प्राथमिकता दिनुपर्नेछ ।

५.११ संस्थाको अहित हुने गरि प्रतिस्पर्धी हुने खालको कुनै व्यक्तिगत व्यवसाय वा कारोबार सञ्चालन गर्न पाईने छैन।

५.१२ संस्कृति एवं पारिवारिक रीतिरिवाज अनुसार सम्पन्न गरिने सामाजिक व्यवहारलाई शिष्ट, सामान्य र मितव्ययी बनाई समाजमा नमुनाको रुपमा रहन एवं प्रयत्नशील रहने गरी सञ्चालन गर्नुपर्नेछ ।

५.१३ पदीय दायित्व वहन गर्ने सदस्यहरुले सहकारी संस्थामा भाखा नाघेका ऋणीहरुको कालो सूचिमा सुचिकृत हुनहुनेछैन ।

## परिच्छेद–३

## सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता

**६. सहकारी संस्थाका कर्मचारीहरुले देहाय बमोजिमको आचारसंहिताहरु पालना गर्नु पर्नेछ ।**

६.१ सहकारीको मूल्य मान्यता, सिद्धान्त तथा सहकारी ऐन नियम, विनियम, नीति निर्णयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

६.२ संस्थाको साधारण सभा तथा अन्य कार्यक्रमहरुमा सकृयतापूर्वक सहभागिता जनाउनु पर्नेछ ।

६.३ संस्थामा नियमित कारोबार गर्ने तथा संस्थाको व्यवसायिक कारोबारमा क्षमता अनुसार सहभागिता जनाउनेछ।

६.४ संस्थाको हैसियत प्रयोग गरी नाजायज फाईदा लिन हुनेछैन ।

६.५ संस्थालाई बुझाउनु पर्ने पेश्की, ऋण, किस्ता तथा आफुले बुझाउन कबुल गरेको रकम तोकिएको समयमा नै भुक्तानी गर्नुपर्नेछ ।

६.६ सेवाग्राही सदस्य समेतलाई धर्म, जात, जाति, लिङ्ग, भाषा, दलगत राजनीति आदिका आधारमा भेदभाव गर्न नहुने र हरेक व्यक्तिसँग नम्रता तथा आदरपूर्वक व्यवहार गर्नु पर्नेछ ।

६.७ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको उद्देश्य तथा हित विपरीत हुने कुनै पनि क्रियाकलापमा संलग्न हुन पाइनेछैन।

६.८ संस्थाबाट संचालन गरिने सामुदायिक विकास निर्माणका कार्यहरुमा आवश्यकता र निर्माण अनुसार सहयोग प्रदान गर्नेछन्, र ।

६.९ सहकारी संस्थाबाट प्रदान गरिने सेवाहरु तथा उत्पादित वस्तुहरुको प्रयोग गर्ने बानी बसाल्नेछन् ।

## परिच्छेद –४

## व्यवस्थापकीय पक्षले (कर्मचारी) पालना गर्नु पर्ने

### ७. सहकारी संस्थाका कर्मचारीहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

७.१ सहकारीका मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, विनियम, नियमावली, नीति, निर्णय, सम्झौता, आदर्शको बर्खिलाप हुनेगरी कुनै काम कारबाही गर्न नहुने ।

७.२ साधारण सभा, समिति/उपसमितिका निर्णय निर्देशनको पालना गर्नुपर्ने ।

७.३ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हानी, नोक्सानी हुने वा वदनामी हुने कुनै पनि क्रियाकलापमा संलग्न नहुने।

७.४ दलगत राजनीति, धर्म, जात, जाति, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव रहित ब्यबहार गर्नुपर्ने ।

७.५ संस्थाको गोपनियता भङ्ग गर्न नहुने ।

७.६ कामको सिलसिलामा उपहार, दान, दातव्य, घुस, चन्दा आदि लिन वा दिन नहुने ।

७.७ संस्था तथा अन्य सरोकारवाला (Stakeholders) ब्यक्तिहरुको स्वाभिमान तथा आदर्शको सम्मान गर्दै निष्पक्ष एवं समानताको आधारमा ब्यबहार गर्ने ।

७.८ कार्यरत संस्थाको निर्वाचनमा उम्मेदवारी दिनुका साथै निर्वाचनमा प्रचार प्रसार गर्न वा कुनै प्रकारको प्रभाव पर्ने कार्य गर्न नहुने ।

७.९ संस्थाका अधिकार प्राप्त अधिकारीको लिखित अनुमति वेगर कुनै कर्मचारीले संस्थाको सम्पति कसैलाई दिन वा कसैबाट लिन नहुने ।

७.१० संस्थाको हैसियत प्रयोग गरी आफनो व्यक्तिगत वा दलगत राजनैतिक स्वार्थ सिद्ध गर्न नहुने ।

७.११ कुनै नाजायज कार्यका लागि कसैको दवाव स्वीकार गर्न वा कसैमाथि दवाव सृजना गर्न नहुने ।

७.१२ व्यक्तिगत लाभ, आर्जन हुने गरी कार्यरत संस्थासँग कुनै प्रकारको शर्त सम्झौता, करार गरी ठेक्का, पट्टा आदि संचालन गर्न नहुने ।

७.१३ संस्थाबाट उत्पादित वस्तु तथा सेवाहरुको उपभोगमा प्राथमिकता दिने र संस्थासँग कारोवार गर्न प्रोत्साहित गर्ने ।

## परिच्छेद –५

## सरकारी संघ संस्थाहरुको पालना गर्नु पर्ने नियमहरु

### ८. सहकारी संस्थाहरुले देहाय बमोजिमको नियमहरु (आचार संहिता) पालना गर्नु पर्नेछ ।

८.१ सहकारीका मूल्य मान्यता, सिद्धान्त तथा ऐन नियमको वर्खिलाप हुने गरी संस्थाको विनियम, नीति, नियमावलीहरु निर्माण गर्ने तथा सो को अपव्याख्या गरी कार्य गर्न नहुने ।

८.२ आफना सदस्यहरुको आर्थिक तथा सामाजिक उन्नति हुने खालका पेशा तथा व्यवसायलाई प्रवर्द्धन हुने गरी उद्देश्यहरुको निर्धारण गरी सोही उद्देश्य अनुसार मात्र कारोबार गर्नुपर्ने ।

८.३ सहकारी संस्थाले आफनो कारोबार तोकिएको कार्यक्षेत्र भित्र रही सदस्यहरुसँग मात्र संचालन गर्नु पर्ने ।

८.४ संस्था बीच अस्वस्थ प्रतिस्पर्धा हुने कार्य गर्न नहुने ।

८.५ राजनैतिक पार्टी, संघ/संगठन वा धार्मिक सम्प्रदायलाइ चन्दा वा आर्थिक सहयोग गर्न नहुने ।

८.६ कुनै बैंक वित्तीय संस्था तथा सहकारी संस्थाबाट ऋण नतिर्ने ऋणीहरुको सुचिमा सुचिकृत भएको ब्यक्ति वा संस्था वा कम्पनीसँग आफनो व्यवसायिक क्रियाकलाप संचालन गर्न गराउन नहुने ।

८.७ आफनो आवधिक प्रगति विवरण वार्षिक लेखापरीक्षण प्रतिवेदन सहकारी हेर्ने गोलबजार नगर कार्यपालिकाको कार्यालय र आफू आवद्ध संघमा अनिवार्य पेश गर्नुपर्नेछ ।

८.८ आफू भन्दा माथिल्लो संघको सदस्यता लिनुपर्ने र माथिल्लो संघको माग बमोजिम सहकारी संघ संस्थाहरुलाई सदस्यता प्रदान गरी सहजतापूर्वक आवद्ध गराउनु पर्ने।

८.९ संस्थाले दिने सेवा सदस्य केन्द्रित हुनु पर्ने र कारोबारलाई पारदर्शी बनाउनु पर्ने ।

८.१० सम्भव भए सम्म सहकारीबाट उत्पादित वस्तु तथा सेवाहरुको मात्र प्रयोग गर्ने ।

८.११ कम्तीमा कुल कारोबारको १ प्रतिशत वा खूद आयको ५ प्रतिशत रकम शिक्षा तथा तालिम कोषमा छुट्ट्याई सदस्यहरुलाई नियमित शिक्षा तथा तालिमको ब्यबस्था गर्नुपर्ने ।

८.१२ सदस्यहरुमा गलत प्रभाव पार्ने तथा सदस्यहरुलाई आकर्षित गर्ने उद्देश्यले बढी ब्याज दिने, विशेष सुविधा उपलब्ध गराईने आदि कुराहरु उल्लेख गराई संस्था बीच अस्वस्थ प्रतिस्पर्धा हुने खालका विज्ञापन वा प्रचारप्रसार तथा प्रकाशन गर्न नहुने।

८.१३ सहकारी संस्थाको लोगो, साईनबोर्ड र पदावधिमा एक रुपता कायम गराउँदै जाने प्रयास गर्नुपर्ने र

८.१४ आफना सदस्य संस्थाहरुको नियमित अनुगमन मुल्याङ्कन गर्ने गराउने वा गराउनु पर्ने ।

## परिच्छेद –६

## विविध

### ९. व्याख्या र संशोधन

यस आचार संहिताको व्याख्या गर्ने अन्तिम अधिकार यसै संस्थाको संचालक समितिमा रहनेछ । यसबाट सुल्झिन नसकेमा प्रचलित सहकारी कानून बमोजिम हुनेछ । यो आचारसंहिता समयानुकुल संशोधन गर्नुपर्ने भएमा यस संस्थाको साधारण सभाको निर्णय बमोजिम गर्न सकिनेछ ।

**॥ जय सहकारी ।।** **॥ जय सहकारी ।।** **॥ जय सहकारी ।।**